नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन, २०२३ तथा दाना पदार्थ ऐन, २०३३ को प्रभावकारी कार्यान्वयन साथै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन, खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने र स्वच्छ व्यापार तथा व्यवसायमा सहजीकरण गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका ४३ कार्यालयहरुबाट हुँदै आएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ को वार्षिक अर्थात् २०७८ श्रावण १ देखि २०७९ असार मसान्त सम्ममा सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल गरेको प्रगति यस प्रकार रहेका छन् ।

### १. खाद्य तथा दाना उद्योग एवं बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम

- आर्थिक वर्ष २०७८/७९ मा खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ४६६० नमूनाहरु सङ्कलन भएको थियो। संकलित नमूनाहरु मध्ये खाद्यान्न/दलहनजन्यका १३१४ वटा, तेल तथा घ्यूजन्यका ५४६ वटा, फल तथा सागपात जन्य पदार्थका ५१९ वटा, मसलाका ३७९ वटा, दाना पदार्थका ३०७ वटा, चिया कफिका २१३ वटा, प्रशोधित पिउने पानीका १८९ वटा, गुलियो पदार्थका १४२ वटा, दुध तथा दुग्ध पदार्थका ११० वटा, कन्फेक्सनरीका १०२ वटा, नुनका ५३ वटा, मासु तथा मासुजन्यका २७ वटा, र अन्य २२६ वटा गरि जम्मा ४१२७ नमुनाहरूको विश्लेषण परिक्षण भएकोमा फल तथा सागपात जन्य पदार्थका ६१ वटा, खाद्यान्न/दलहनजन्यका ५३ वटा, प्रशोधित पिउने पानीका २९ वटा, दाना पदार्थका १७ वटा, दुध तथा दुग्ध पदार्थका १५ वटा, तेल तथा घ्युजन्यका १४ वटा, चिया कफिका १३ वटा, मसलाका ६ वटा, गुलियो पदार्थका ४ वटा, मासु तथा मासुजन्यको १ वटा र अन्य ११ वटा गरि जम्मा २२४ वटा (५.४२%) नमूनाहरुको परिक्षण प्रतिवेदन प्रतिकूल पाईएको थियो।
- यस अवधिमा खाद्य ऐन तथा नियम विपरित एवं न्यूनस्तर तथा दूषित खाद्य पदार्थ उत्पादन तथा बिक्रीवितरण गरेको कसूरमा जम्मा ११५ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो। दायर गरिएका मुद्दा मध्ये खाद्यान्न एवं दलहन तथा सोबाट बनेको पदार्थ ३० वटा, दुध तथा दुग्ध पदार्थका १९ वटा, दानाको १८ वटा, प्रशोधित पिउने पानीका १४ वटा, चिया/ कफीका ८ वटा, फल तथा सागपातका ७ वटा, मसला पदार्थका ५ वटा, गुलियो पदार्थका ३ वटा, तेल तथा घ्यूजन्यको २ वटा, सोयाससको १ वटा, र अन्य ८ वटा गरि जम्मा ११५ वटा खाद्य पदार्थका रहेका थिए ।
- आर्थिक वर्ष २०७८/७९ मा विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य स्वच्छता सर्भिलेन्सका अन्तर्गत १७०७ वटा नमुनाहरू संकलन गरिएको थियो ।

- आर्थिक वर्ष २०७८/७९ मा खाद्य /दाना उद्योग,होटल रेष्टुरेण्ट,राजमार्गका होटल अनुगमन तथा उजूरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही लगायत जम्मा ८८६६ पटक निरीक्षण अनुगमन गरिएको थियो ।
- यस आर्थिक वर्षमा उत्पादन दर्ता र नविकरण समेत १,६९० वटा आहारपूरक खाद्य पदार्थ नियमन गरिएको।
- आर्थिक वर्ष २०७८/७९ मा ७०३ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, १,४८१ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,६१३ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको छ।
- आर्थिक वर्ष २०७८/७९ मा खाद्य स्वच्छता र गुणस्तर क्षेत्रमा भएका देहायका विशेष निरिक्षण अनुगमन कार्यक्रमहरु सम्पन्न गरिएका थिएः

क) **नक्कली मह प्रकरण एवं महको गुणस्तर निरीक्षण अनुगमन**

- काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालयसँगको सहकार्यमा श्रीतारा फुड्स र स्पर्श वेकरी उद्योगमा छापा मार्दा खाद्य अनुज्ञापत्र नलिई सञ्चालनमा रहेको पाइयो ।थप अनुसन्धानको क्रममा मह उत्पादकको बेकरी समेत रहेको खुल्न आयो र ठुलो परिमाणमा (करिब १२० बोरा) म्याद नाघेको, सडेगलेको पाउरोटी सुकाएर पुनः प्रयोग पाईएकोले नष्ट गरी हिरासतमा राखेर कारवाही गरिएको थियो ।
- बजारमा विक्रि वितरण हुने महको गुणस्तर सम्बन्धि गुनासो उजुरी सम्बोधन गर्ने क्रममा मह लक्षित देशव्यापि बिशेष अनुगमन क्रममा ८९ पटक उद्योग तथा बजार निरीक्षण अनुगमन गरी १२० वटा नमूना संकलन गरिएकोमा नमूना ३७ वटा नमूनाहरु प्रतिकुल पाईएको थियो ।

**ख) संक्रामक रोग नियन्त्रण लक्षित विशेष अनुगमन**

गर्मी मौसम तथा वर्षायामका कारण झाडापखाला लगायत विभिन्न संक्रमित रोगहरु काठमाडौं उपत्यकाको केहि स्थानमा देखिएको परिप्रेक्षमा बजार तथा उद्योग निरिक्षण अनुगमन कार्य तिव्र बनाउँदै विभागले दैनिक २ वटा खाद्य निरिक्षकहरुको अनुगमन टोलीहरु प्रशोधित पिउने पानी तथा होटल रेष्टुरेन्ट क्यान्टिनमा विक्रि वितरण गरिने खाद्य पदार्थको अनुगमन निरिक्षण कार्यमा परिचालित गरेको थियो । यसै क्रममा प्रशोधित पिउने पानी उद्योग ५१ वटा,होटल रेस्टुरेन्ट तथा क्यान्टिन ५९ वटा, स्ट्रिट फुड पसल मिठाई तथा बेकरी पसल १४ वटा र दुग्ध उद्योग ५ वटा निरिक्षण अनुगमन गरेको ।

**ग) फलफूलमा प्रतिवन्धित कार्वाईड (एसिटिलिन ग्याँस) को प्रयोगको अनुगमन सम्वन्धमा**

कृत्रिम तरिकाले फलफूल पकाउनका लागि प्रतिवन्धित कार्वाईड (एसिटिलिन ग्याँस) को प्रयोग सम्बन्धमा विभाग तथा मातहतका कार्यालयहरुबाट फलफूल गोदाम तथा पसलहरुमा ११८ पटक अनुगमन गरिएको थियो ।यसरी अनुगमन गर्दा प्रतिबन्धित कार्वाइडको प्रयोग भएको नपाईएको । अनुगमनको क्रममा अधिकांसमा प्याकेटमा राखेका ethylene ripener प्रयोग गरेको पाईएको । केहि ठाउँमा ethylene liquid र ethylene chamber को प्रयोग भएको पाईयो। सडेगलेको अवस्थामा रहेको १००० के जी स्याउ र १००० के.जी. अंगुर जफत गरि नष्ट गरिएको ।

घ) **उजुरी गुनासो सम्वोधन सम्बन्धी विवरण**

आ.व. २०७८/७९ मा दुध तथा दुग्ध पदार्थमा १४ वटा, तेल तथा घ्युजन्यमा ३ वटा, फल तथा सागपातमा ३ वटा, प्रसोधित पिउने पानीमा २० वटा, गुलियो पदार्थमा ३ वटा, मासु तथा मसुजन्यामा १

वटा र अन्यमा १४ वटा गरि जम्मा ६६ वटा उजुरी तथा गुनासो विभागमा प्राप्त भएकोमा तत्काल Rapid Response Team खटाई गरेको । यसै गरी मातहतका कार्यालयहरुबाट समेत उजुरी सम्बोधन गर्ने गरिएको ।

## २. खाद्य आयात निर्यात नियमन कार्यक्रम

- यसै आर्थिक वर्षबाट खाद्य पदार्थको आयात नियमन कार्य नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मा आवद्ध भई अनलाइन मार्फत सेवा प्रदान गर्न शुरु गरिएको । खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्वन्धी निर्देशिकाले व्यवस्था गरे अनुरूप आयात गर्नु पूर्व अनिवार्यरूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्य पदार्थहरूको आयात अनुमति लिने क्रममा आर्थिक वर्ष २०७८/७९ मा जम्मा १६,१४५ आयात अनुमति जारी गरिएको थियो। आयात अनुमतिका लागि प्राप्त निवेदन मध्ये आवश्यक कागजात पूरा नभएका विभिन्न १२६ खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमति अस्विकृत गरिएको ।
- यस आर्थिक वर्षमा १२ वटा अन्तर्राष्ट्रिय सीमामा अवस्थित विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरुमा ५१,७६७ वटा खाद्य पदार्थका नमूनाहरू परिक्षण गरिएको।
- विभिन्न देशहरुमा निर्यात प्रयोजनका लागि दूध तथा दूध पदार्थ (घ्यू, छुर्पी), मह, चिया, प्रशोधित पिउने पानी, मोरिङ्गा पाउडर, सिस्नोको पाउडर, अचार तथा गेडागुडी लगायतका खाद्य पदार्थहरुको गुणस्तर प्रमाणिकरण गरि निर्यातका लागि सहजीकरण गरिएको ।

## ३. खाद्य तथा दाना स्तर निर्धारण

आर्थिक वर्ष २०७८/७९ मा विभिन्न खाद्य तथा दाना पदार्थको स्तर निर्धारण सम्बन्धि प्रगति विवरण देहाय बमोजिम रहेको:

- फलफूल तरकारीमा जीवनाशक विषादीको अधिकतम (Maximum Residue Limit – MRL) सीमा स्तर निर्धारण समितिबाट स्वीकृत भई राजपत्रमा प्रकाशनको प्रकृयामा रहेको । सो मापदण्ड भित्र विभिन्न तरकारीका ६ समूह र १५ उपसमूह एवं फलफूलका ४ समूह र १० उपसमूहलाई समेटिएको।
- खाद्य पदार्थमा हेभिमेटल (शिशा, पारो, मिथाईल मर्करी, क्याडमियम, टिन, आर्सेनिक, क्रोमियम र निकेल) को अधिकतम सीमा स्तर निर्धारण समितिबाट स्वीकृत गरि WTO-SPS Notification गरेको ।
- ६ देखि ३६ महिनाको बालबालिकाको लागि अन्नमा आधारित पूरक बाल आहारको मापदण्ड स्तर निर्धारण समितिबाट स्वीकृत गरि WTO-SPS Notification गरेको ।
- दाना स्तर निर्धारण समितिबाट कुखुरा (ब्रोईलर र लेयर्स) को दाना पदार्थको मापदण्ड संशोधन गरी एण्टिबायोटिकको प्रयोगमा निषेध गरिएको । यसका साथै उक्त दाना पदार्थको मापदण्डहरुमा ढुसीबाट उत्पन्न हुने हानीकारक माईकोटक्सिनको अधिकतम सीमा निर्धारण गरिएको । कुखुराको चल्लाको लागि आवश्यक पोषण सहित $B_0$ दाना पदार्थ नयाँ मापदण्ड तोकिएको ।

## ४. प्रयोगशाला विश्लेषण सेवा

### क. प्रयोगशाला स्थापना तथा एकृटिडेशन

- नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/०३/२१ को निर्णयानुसार आ. व. २०७८/७९ मा प्रयोगशाला सेवा सुविधा सहितको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु पोखरा तथा सुर्खेतमा स्थापना भएको ।
- विभागको NFFRL मा Accreditation Scope १०१ पारामिटर स्वीकृत रहेकोमा १८१ पारामिटर थप गरि शुक्ष्मजैवीक पारामिटर ४१ वटा र रसायनिक पारामिटर २४१ वटा गरि जम्मा २८२ पारामिटर थप प्रकृयामा रहेको। साथै विभागको FSSAI India सँग भएको MOU बमोजिम Recognition हुने गरी Integrated Assessment का लागि Scope extension गर्ने प्रकृयामा रहेको।
- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, बिराटनगरबाट प्रयोगशाला एक्रेडिटेसनका लागि ७ वटा खाद्य पदार्थ (मसला पदार्थ (अदुवा, अलैंची, जीरा, धनीया, ल्वाङ् र मरिच), चिया तथा कफि लगायतका खाद्य पदार्थहरु प्रकृयामा रहेको ।

### ख. प्रयोगशाला विश्लेषण सेवा

आर्थिक वर्ष २०७८/७९ मा विभागको राष्ट्रिय खाद्य तथा दाना रेफेरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरुका प्रयोगशालाहरुबाट खाद्य एन नियम कार्यान्वयनका क्रममा संकलित नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि संकलित नमुनाहरु लगायत सेवाग्राहीबाट अनुरोध भई आएका गरि जम्मा १५,२७६ वटा नमुनाहरु तथा आयात निर्यात नियमन अन्तर्गत ५१,७६७ गरि जम्मा ६७,०४३ वटा नमुनाहरु प्रयोगशाला जाच परिक्षण गरिएको थियो ।

### ग. आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादीको द्रुत परिक्षण (RBPR)

- नेपालमा आयात हुने तरकारी र फलफूलमा जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण कार्य विगतमा केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको Rapid Bioassay of Pesticide Residue (RBPR) इकाईबाट हुने गरेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्देशानुसार सो विश्लेषण परिक्षण कार्य २०७८ कार्तिक १ गतेबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट गर्ने भएकोले विभाग अन्तर्गतका ७ कार्यालयहरुले शुचारु गर्न RBPR मेशिनहरुको व्यवस्था तथा जनशक्तिहरुलाई तालिम सन्चालन गरी २०७८ कार्तिक १ बाटै नै कार्य प्रारम्भको लागि द्रुत गतिमा तयारी कार्य गरेको थियो । कार्तिक १ देखि असार मसान्तसम्म ५६३३८ वटा आयातित फलफुल तथा तरकारीका नमुनाहरुको जीवनाशक विषादी अवशेष परिक्षण गरिएकोमा जुनार, केरा, चुकन्दर, चुक तथा आलु लगायतका फलफुल तरकारीका ५१ वटा नमुना प्रतिकुल देखिएको थियो ।
- आ. व. २०७९/८० देखि विभाग मातहतका भन्सार बिन्दुमा अवस्थित १२ वटै खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय लगायत १६ स्थानबाट RBPR प्रयोग गरी ताजा फलफूल तथा तरकारीमा विषादी अवशेष परिक्षण गर्न उपकरण तथा रसायनहरुको आवश्यक व्यवस्था मिलाइएको ।

## ५. खाद्य प्रविधि विकास, तालिम, अध्ययन तथा पोषण सम्वन्धी प्रवर्द्धनात्मक कार्यक्रम

- पोषण परिकार विकास अन्तर्गत सबै वर्गका लागि पौष्टिक हुने कोदोमा आधारित मःमः परिकारको विकास गरिएको।

- दिवा खाजाको रुपमा उपभोग गरिने विभिन्न खाद्य परिकारहरुको पौष्टिक तत्व विश्लेषण अध्ययन गरिएको थियो भने यस आर्थिक वर्षमा विभिन्न ३ परिकारको विकास गरिएको ।
- खाद्य प्रशोधन प्रविधि सम्वन्धी शीप विकास तालिम दुई पटक संचालन गरिएको र सो तालिम कार्यक्रममा महिला ४० जना र पुरुष ९ जना गरी जम्मा ४९ जना सहभागी भएका थिए ।
- चितवन र हेटौडाका उत्पादित छुर्पीको प्रशोधन प्रकृया सर्वेक्षण अध्ययन गरिएको।
- जनजाती विशेष नेवारी खाजाको पौष्टिक तत्व विश्लेषण गरि प्रोफाइलिङ्ग अध्ययन कार्य गरिएको ।
- माछा तथा मासुजन्य खाद्य पदार्थ, सुप, कुकिज, सख्खर लगायतका विभिन्न १७९ वटा खाद्य पदार्थहरुको पौष्टिक तत्व विश्लेषण गरेको ।

## ६. विश्व खाद्य स्वच्छता दिवस कार्यक्रम

कोभिड १९ का कारण २ वर्ष पछि यस आ. व. २०७८/७९ मा विभागले "स्वच्छ सन्तुलित आहार, स्वस्थ जीवनको आधार" भन्ने नारा सहित विश्व खाद्य स्वच्छता दिवसको अवसरमा २०७९ जेठ १८ देखि २४ (1 – 7 June 2022) सम्म सप्ताहव्यापी रुपमा खाद्य स्वच्छता सम्वन्धि कार्यक्रमहरु देशैभर सन्चालन गरि भव्यताका साथ मनाइएको ।


## ७. खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रम

आर्थिक वर्ष २०७८/७९ मा खाद्य उद्योगी व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम, दाना पदार्थ उद्योगी व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम, राजमार्गका होटल रेस्टुरेन्ट अनुगमन र हाटबजार अनुगमन लगायतका अन्य खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धि विभिन्न कार्यक्रम १०६ पटक संचालन गरिएको ।

## ८. होटल रेष्टुरेण्ट स्तरीकरण कार्यक्रम

आ. व. २०७८/७९ विभाग तथा मातहतका कार्यालयहरुबाट जम्मा ६३६ वटा होटल रेष्टुरेण्ट स्तरीकरण गरिएकोमा १७ (२.७%) वटाले अति उत्तम (Green sticker with three stars) पाउन सफल भए भने १०३ (१६.२%) वटाले उत्तम (Green sticker with two stars), २३८ (३७.४%) वटाले सन्तोषजनक (Green sticker with one star) र १८६ (२९.३%) वटाले सामान्य स्तर (Yellow sticker without star) प्राप्त गरेका छन् ।साथै स्तरिकरणमा नपरेका ९२ (१४.५%) वटा होटल रेष्टुरेण्टहरूलाइ सुधारका लागि सुझाव तथा निर्देशन दिइएको।

अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा पनि आम उपभोक्ता वर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।धन्यवाद ।



**मोहन कृष्ण महर्जन**
प्रवक्ता
२०७९।०४।१७